# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको

आठौं वार्षिक साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

**१. सभाको वैधानिकता :**

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको आठौं वार्षिक साधारण सभा यस कम्पनीको मिति २०८१/०७/०८ गते बसेको सञ्चालक समितिको १६० औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री बिष्णु मणि गौतमको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०८१ मंसिर ७ गते शुक्रबार (तदनुसार २०२४ नोभेम्बर २२)

स्थान : होटल उग्रचण्डी, बनेपा-७, काभ्रेपलाञ्चोक ।

समय : दिनको ३:०० बजे प्रारम्भ भई ५:०० बजे समापन ।

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार आठौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागि शेयरधनीहरुलाई मिति २०८१/०७/०९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक र मिति २०८१/०७/२३ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई वितरणको प्रबन्ध मिलाईएको थियो ।

**४. छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८०/८१ मुनाफाबाट चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- को ०.७५ प्रतिशतले हुने रकम रु. ४८,१२,१२०/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री बि.आर.पराजुली एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

**ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८०/८१ मुनाफाबाट चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- को १४.२५ प्रतिशतले हुने रकम रु. ९,१४,३०,२८०/- बोनश शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्ध-पत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीको नियम ३२(१) (ख) मा संशोधन गर्ने सम्बन्धमा ।

३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्ने सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

**५. उपस्थिति :**

५.१ सञ्चालक समितिका सदस्यहरु जम्मा ७ जना ।

५.२ शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा १२२ जना ।

**५.३ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु :**

| | |
|---|---|
| १. श्री बिष्णु मणि गौतम | - अध्यक्ष |
| २. श्री कविता पोखेल | - सञ्चालक |
| ३. श्री पवन रेग्मी | - सञ्चालक |
| ४. श्री नारायण प्रसाद घिमिरे | - सञ्चालक |
| ५. श्री हेमन्त पौडेल | - सञ्चालक |
| ६. श्री अविनाश सिलवाल | - सञ्चालक |
| ७. श्री विजय कुमार क्षेत्री | - स्वतन्त्र सञ्चालक |

**५.४ व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति** :

| | |
|---|---|
| १. श्री बद्री प्रसाद दुलाल | - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| २. श्री बद्री प्रसाद अधिकारी | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री बिजेन्द्र चौधरी | - प्रमुख- सुचना प्रविधि विभाग |
| ४. श्री रविन खतिवडा | - प्रमुख- जोखिम व्यवस्थापन, अनुगमन तथा असूली विभाग |
| ५. श्री दिपेन्द्र खनाल | - प्रमुख- मानव संसाधन विभाग |
| ६. श्री नेत्र जंग थापा | - प्रमुख- आ.ले.प., कानून तथा अनुपालना विभाग |
| ७. श्री सुदिप श्रेष्ठ | - प्रमुख- योजना तथा वित्त विभाग |
| ८. श्री पुष्कर मिश्र | - प्रमुख- शाखा संचालन, तालिम तथा सामान्य सेवा विभाग |

**५.५ अन्य कर्मचारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री दिपेश खतिवडा | - जोखिम व्यवस्थापन, अनुगमन तथा असूली विभाग |
| २. श्री बिशाल पहाडी | - अनुगमन तथा असूली अधिकृत |
| ३. श्री श्याम कुमार श्रेष्ठ | - जोखिम व्यवस्थापन, अनुगमन तथा असूली विभाग |
| ४. श्री बिकिल श्रेष्ठ | - मानव संशाधन विभाग |
| ५. श्री पवित्रा कुँवर | - कार्यालय सहयोगी |
| ६. श्री डिल्ली बहादुर खत्री | - सवारी चालक |
| ७. श्री दामोदर पाण्डे | - सवारी चालक |

**५.६ नियमनकारी निकायबाट भएको उपस्थिति :** नभएको

**५.७ राष्ट्रिय बाणिज्य बैंक लिमिटेडको तर्फबाट उपस्थित प्रतिनिधि :** श्री जगन्नाथ अधिकारी

**५.८ प्रभु बैंक लिमिटेडको तर्फबाट उपस्थित प्रतिनिधि :** श्री नविन मकाजु

**५.९ नागरिक लगानी कोषको तर्फबाट उपस्थित प्रतिनिधि :** श्री हरिशंकर तिमल्सिना

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

५.१० **प्रभु क्यापिटलको तर्फबाट भएको उपस्थिति :**

१. श्री वासु थपलिया

२. श्री पुजा खत्री

५.११ **सुरक्षा निकायको उपस्थिति :** ई.प्र.का. बनेपा, काभ्रेपाञ्चोकबाट प्रतिनिधि उपस्थित रहेको ।

**६. गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

| उपस्थिति | | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरुको कुल संख्या : १०३,९६४ | शेयरधनीहरु<br>१२२ जना (४ जना सञ्चालक समेत) स्वयं | |
| जम्मा शेयर संख्या : ६४ लाख १६ हजार १ सय ६० कित्ता | प्रोक्सी मार्फत उपस्थिति : २५ जना<br>जम्मा उपस्थिति : १४७ जना ३,४५३,९२० कित्ता | ५३.८३ प्रतिशत |

यस कम्पनीको आठौं वार्षिक साधारण सभा संचालन गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ६४ लाख १६ हजार १ सय ६० कित्तामा ३४ लाख ५३ हजार ९ सय २० कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा १०३,९६४ शेयरधनीहरु मध्ये १२२ जना शेयरधनीहरुको स्वयं तथा २५ जना शेयरधनीहरु (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयरधनीहरुको संख्या तथा शेयर कित्ता समेतको प्रतिनिधित्व भएको छ ।

**७. सभा संचालनको लागि वैधानिकताको यकिन** :

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १४७ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ५३.८३ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न वैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले आठौं वार्षिक साधारण सभाको काम कारवाही संचालन गराउनु भयो ।

७.२. यस कम्पनीको नियमावली, २०७२ को नियम १९ (१) बमोजिम भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्नु हुने कुरा कम्पनी सचिवले जानकारी गराएपछि दिउसोको ३:०० बजे अध्यक्ष श्री बिष्णु मणि गौतमज्यूको अध्यक्षतामा वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा शुरु भयो । सभा संचालन वित्तीय संस्थाका विभागीय प्रमुख श्री रविन खतिवडाले गर्नु भएको थियो ।

**८. वार्षिक साधारण सभाको प्रस्तुति :**

८.१. सभाका सभापति श्री बिष्णु मणि गौतमज्यू तथा प्रमुख अतिथि संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूबाट संयुक्त रुपमा पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन पश्चात सभाको काम कारवाही शुरु गरियो ।

८.२. राष्ट्रिय गान बजाई अध्यक्षज्यूको अनुमतिले साधारण सभाको कारवाही संचालन गर्नुभयो ।

८.३. संस्थाका कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री बद्री प्रसाद दुलालज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्य राख्नु भयो ।

८.४. अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नु भयो ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

८.५. अध्यक्षज्यूले आ.व. २०८०/८१ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण समेत छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

**९. छलफलका लागि आह्वान :**

९.१. वित्तीय संस्थाको आ.व.२०८०/८१ को प्रतिवेदन, २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, नाफा/नोक्सान हिसाव विवरण तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषय-सूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२. छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :

१. श्री जगन्नाथ आचार्य
२. श्री गोबिन्द के.सी.
३. श्री सुदिप श्रेष्ठ
४. श्री ब्रम्हदेव शाक्य
५. श्री ईन्द्र प्रसाद लामिछाने
६. श्री चन्द्रनारायण श्रेष्ठ
७. श्री निरुपमा गुप्ता

**१०. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतिकरण :**

**१. श्री जगन्नाथ आचार्य :**

वित्तीय संस्था मर्जमा जानु पर्ने अवस्थामा खराब कर्जा कम र इपियस धेरै भएको संस्थासँग मर्जरमा जाँदा राम्रो हुने त्यसो नभएमा मर्जरमा नजादा ठिक हुने, सञ्चालक समितिको भत्ता बढेको ठिकै छ तर आगामी वर्षमा समेत यसै किसिमको लाभांशलाई निरन्तरता दिन सञ्चालक समिति र व्यवस्थापनलाई ध्यानाकर्षण गराउन चाहन्छु । अध्यक्ष र सञ्चालकहरुको पत्रपत्रिका भत्तामा एकरुपता भए राम्रो, असूली राम्रो गरेका कर्मचारीहरुलाई प्रोत्साहन गर्नुपर्ने, असूलीलाई विशेष जोड दिने, लघुवित्त वित्तीय संस्था विरुद्धको अराजक समूहबाट हुन सक्ने गतिविधिलाई ध्यानमा राखि कर्मचारीहरुलाई सुरक्षित महसुस गराउनुपर्ने, साधारण सभाको समय ढिला राख्दा टाढाबाट आउनेलाई फर्कन समस्या पर्ने हुँदा आगामी दिनमा समयलाई पूर्नविचार गर्नुपर्ने, व्यवस्थापनले कार्य गर्दा हाम्रालाई काखी च्याप्ने र राम्रालाई फाल्ने रणनीति नलिई समान व्यवहारले कार्य गर्नुपर्ने, नेपाल राष्ट्र बैंकको निर्देशनको पूर्ण पालना गर्ने, त्रैमासिक रिपोर्टको आधारमा आगामी दिनमा संचिति कोषबाट लाभांश दिनुपर्ने अवस्था आउन नदिई खराब कर्जा असूलीलाई ध्यानमा राखि कार्य गर्नुहुन सुझाव दिनु भयो ।

**२. श्री गोविन्द बहादुर के.सी. :**

कोभिड महामारीको असर यथावत रहेसँगै वित्तीय तरलता, विभिन्न समूहको अराजक गतिविधि, दुर्गा प्रसाई, मनिराम ज्ञवाली उर्फ पुनाराम ज्ञवाली, सरकारको करमारा नीतिले लघुवित्त वित्तीय संस्था धरासायी भएको । यस वर्ष शेयरधनीहरुलाई १५ प्रतिशत लाभांश प्रस्ताव गर्नु भएको धन्यवाद दिन चाहन्छु, ३० वर्ष नेपाल राष्ट्र बैंकमा सेवा गरेको व्यक्ति यस संस्थाले अध्यक्षको रुपमा पाउँनु, राष्ट्रिय बाणिज्य बैंक, नागरिक लगानी कोष जस्ता संस्थाबाट सञ्चालक समितिमा प्रतिनिधित्व रहनु र लामो समय बैंकिङ्ग क्षेत्रमा कार्यरत दिग्गज महिला सञ्चालक पाउँनु अत्यन्त खुसीको कुरा भएको हुँदा सञ्चालकहरु प्रति सकारात्मक रहँदै संस्थाले सफलता प्राप्त गर्नेमा दुविधा नभएको विचार व्यक्त गर्नु भयो । यस अघि जेठ ९ गते यही हलमा सातौं साधारण सभा गरेको वित्तीय संस्थाले उक्त सभाको सुझावलाई कार्यान्वयन गरी समयमा नै साधारण सभा गर्न सफल हुनु भएकोमा धन्यवाद समेत दिन चाहन्छु । यसले वित्तीय संस्थाको संस्थागत सुशासन मजवुद रहेको देखाउँछ । संस्थाले यस वर्षमा साधारण सभा गर्न तेश्रो भएकोमा धन्यवाद दिन चाहन्छु, बैंकको व्याजदर कम हुनु,

बैंकहरुको खराब कर्जा वृद्धि भए सँगसँगै गैर बैंकिङ्ग सम्पत्ति बढेको बढै छ, कर्जा वृद्धि हुन नसकेकोले मौद्रिक नीति बमोजिम १२ प्रतिशत कर्जा विस्तार गर्न हाल धेरै चुनौती देखिएको छ । सिइओ युवा हुनुहुन्छ, इमान्दर हुनुहुन्छ र उहाँले टिम परिचालन गरी खराब कर्जा असूलीमा ध्यान दिई कार्य गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । आशा लघुवित्तले आगामी दिनमा समेत आशा जगाउने छ र अर्को वर्ष समेत दोहोरो अङ्कमा लाभांश दिनेछ भन्ने आशा राख्दछु भनी सुझाव दिनु भयो ।

**३. श्री सुदिप श्रेष्ठ :**

हामी लगानीकर्तालाई लगानी गरेपछि सयममा लाभांश पाइयोस भन्ने चाहना हुन्छ, चुक्ता पूँजी पनि बढेको छ । ऋणीले लिएको कर्जा भुक्तानी गर्न आनाकानी गरेकोले खराब कर्जामा वृद्धि भएको छ भने खराब कर्जा असूलीमा विशेष जोड दिनुपर्ने देख्छु । नेपाल राष्ट्र बैंकले लगाएको बोनस क्याप हटाएको खण्डमा भविष्यमा राम्रो लाभांश दिनसक्ने र हटाउनुपर्नेमा जोड दिनुभयो । आगामी दिनमा समेत यस्तै दोहोरो अङ्कमा प्रतिफल दिन सकोस् भन्ने सुझाव प्रदान गर्नु भयो ।

**४. श्री ब्रम्हदेव शाक्य :**

वित्तीय संस्थाले नगद लाभांश ०.७५ प्रतिशत र बोनस शेयर बापत १४.२५ प्रतिशत लाभांश प्रस्ताव गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो, अध्यक्ष ज्यूले पेश गर्नुभएको प्रतिवेदन समयसापेक्ष रहेको, सञ्चालक समितिको बैठक भत्ता वृद्धि गर्नु समय सापेक्ष, जायज रहेको, लघुवित्त वित्तीय संस्था विरोधीको कारण कर्जा उठाउनमा समस्या भएको, खराब कर्जा असूलीको लक्ष्य हासिल गर्न सरकारी निकायलाई घचघचाएर पो जाने होकी ? हालको अवस्थामा मर्जरमा जानुपर्ने जायज रहेको । बहालवाला लेखापरीक्षकलाई नै शुल्क नबढ्ने गरी निरन्तरता दिनुपर्ने धारणा व्यक्त गर्नु भयो ।

**५. श्री इन्द्र प्रसाद लामिछाने :**

सकभर दशैं तिहार अघि नै साधारण सभा गरिसक्नुपर्ने सुझाव दिनु भएको । तोकिएको समयमा साधारण सभा संचालन गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु, आजको दिनमा ३ वटा साधारणसभा परेकोमा उपयुक्त स्थान र समयमा गरेकोले उपस्थित हुन सम्भव भएकोले धन्यवाद व्यक्त गर्नु भएको, १५ प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिदै आगामी वर्षमा पनि दोहोरो अङ्कमा लाभांश दिनेमा आशा व्यक्त गर्नु भयो । दोहोरो कर्जा प्रदान गर्न नहुने, नियामनकारी निकायको निर्देशनको पूर्ण पालना गर्न समेत सुझाव दिनु भएको । सञ्चालकहरुले लिएको सुविधा प्रति आपत्ति नरहेको तर काम राम्ररी गर्नुपर्ने र कर्जा सदुपयोगिताको सुनिश्चितता गर्ने, कर्मचारीहरुलाई समय सापेक्ष तलव सुविधामा वृद्धि तथा दक्षता अभिवृद्धि गर्ने प्रकारका तालिमहरु दिनुपर्ने, कर्मचारीको जन्म दिनको अवसर पारी शुभकामना तथा उपहारको व्यवस्था गर्ने, कर्जा लगानी गर्दा धितो र समूह कर्जा एकैपटक नदिन सुझाव प्रदान गर्नु भयो ।

**६. श्री चन्द्र नारायण श्रेष्ठ :**

बोनस शेयर, नगद लाभांश दिएकोमा धन्यवाद, मर्जर पछि पहलो पटक प्रतिफल दिएकोमा धन्यवाद, कुनै व्यक्तिको पपुलारिटीमा जान चाहन्न संस्थाको बेग्लै हुन्छ, व्यक्तिको बेग्लै हुन्छ, म्यानेजमेण्टको खुवीलाई म कदर गर्न चाहन्छु, सदा यसरी नै साधारण सभा गर्न सकोस, अझै मेहनत गर्ने काम गर्ने, सञ्चालकहरुले सहि निर्देशन दिने, कर्मचारी खर्च घटाउनुपर्ने र दिगो व्यापार विस्तारमा ध्यान दिनुपर्ने विषयमा सुझाव पेश गर्नु भयो ।

**७. श्री निरुपमा गुप्ता :**

वित्तीय संस्थाको पहिलो त्रैमासिक रिपोर्ट ऋणात्मक आएकोमा व्यवस्थापनले जवाफ दिनुपर्ने, नेप्सेको ईन्डेक्समा आशा लघुवित्त क्लास जेडमा रहेको, कार्यसम्पादनमा जोड दिनुपर्ने, निष्कृय कर्जा के कारणले बढेको छ ? प्रत्येक त्रैमासिक रिपोर्टको आधारमा जवाफ दिनुपर्ने । सामाजिक उत्तरदायित्व कोष अन्तर्गत निर्धन र अशक्तलाई शिक्षामा लगानी गर्नुपर्ने । कर्मचारी खर्च र संचालन खर्च गतवर्षको तुलनामा के कारणले बढेको हो ? सो को जवाफ दिनुपर्ने, खर्चमा मितव्ययिता अपनाउनुपर्ने, मर्जरमा सकेसम्म नजादा राम्रो होला की ?

दोश्रो त्रैमासिक रिपोर्ट राम्रो ल्याउन के रणनीति अपनाउनु भएको छ ? सोको जानकारी दिनुपर्ने र आगामी दिनमा खराब कर्जा घटाउन लाग्नुपर्ने र हालको जस्तै दोहोरो अङ्कमा लाभांश वितरण गर्न सक्ने होस् भन्ने सुझाव प्रदान गर्नुभयो ।

**११. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

वार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले देखाउनु भएको कमिकमजोरी तथा सुझाव उपर अध्यक्षज्यूको अनुमतिमा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री बद्री प्रसाद दुलाल ज्यूले जवाफ दिदै सर्वप्रथम वक्ताहरुले सभामा राख्नु भएको सुझावहरु अत्यन्तै मनन योग्य रहेको हुँदा सम्पूर्णमा धन्यवाद व्यक्त गर्नु भयो । आगामी दिनमा सो सुझावलाई विशेष ध्यानमा राखि कार्य गर्ने प्रतिवद्धता समेत गर्नु भयो । साधारण सभा आगामी दिनमा सकभर पहिलो त्रैमास भित्र नै गर्न प्रयास गरिने, शतप्रतिशत कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिएको जानकारी गर्नुका साथै कर्मचारीको जन्मदिनको अवसर पारी शुभकामना दिने विषयको सुझाव मनन योग्य रहेको अवगत गर्नुभयो । वित्तीय संस्थाको पहिलो त्रैमासको रिपोर्ट केही ऋणात्मक रहेको भएता पनि दोस्रो त्रैमाससम्ममा रिपोर्टमा सुधार गर्ने, खराब कर्जा असूलीमा विशेष ध्यान दिई कार्य गर्ने, आगामी दिनमा समेत शेयरधनी महानुभावहरुको लगानीको उचित प्रतिफल स्परुप दोहोरो अङ्कको लाभांशको लागि प्रयासरत रहने, उपर्युक्त र राम्रो संस्था भएमा मात्र मर्जमा जाने, नियामकीय निकायहरुको निर्देशनको पूर्ण पालना गर्दै आएकोमा आगामी दिनमा समेत निरन्तरता दिने, सामाजिक उत्तरदायित्व कोष संचालन गर्दा नीति नै बनाएर गरेको हुँदा कुनै पनि नीति विपरित परिचालन नहुनेमा सुनिश्चितता गर्नु भयो । वित्तीय संस्थाको अघिल्लो वर्षको तुलनामा कर्मचारी खर्च तथा प्रशासनिक खर्चमा ठुलो खाडल देखिनुमा अघिल्लो वर्षको खर्च साविक आशा लघुवित्तको मात्र रहेको र यस वर्ष साविक राष्ट्र उत्थान लघुवित्तलाई प्राप्ति पश्चात खर्च बढ्न गएकोमा आगामी दिनमा खर्चलाई मितव्ययीता अपनाई कार्य गरिनेमा प्रतिवद्धता व्यक्त गर्नुभयो । अन्त्यमा आशा लघुवित्त वित्तीय संस्थालाई माया गरी यहाँसम्म पाल्नु भएका आदरणीय शेयरधनी महानुभाव ज्यूहरु, सञ्चालक समिति, नियामनकारी निकाय, नेपाल राष्ट्र बैंक, व्यवस्थापन टिम लगायत वित्तीय संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिदैं सभामा दिनु भएको महत्वपूर्ण सुझाव प्रति आभार प्रकट गर्नुभयो ।

**१२. वार्षिक साधारण सभाको निर्णय :**

**(क) <u>सामान्य प्रस्तावहरुमा भएका निर्णयहरु</u> :**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आठौं वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएको आ.व. २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल पश्चात् पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलान्चोक

३. **सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८०/८१ को मुनाफाबाट चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- को ०.७५ प्रतिशतले हुने रकम रु. ४८,१२,१२०/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।**

सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८०/८१ को मुनाफाबाट चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- को ०.७५ प्रतिशतले हुने रकम रु. ४८,१२,१२०/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

४. **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री बि.आर.पराजुली एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गरियोस भनी अध्यक्षज्यूले साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०८१/०७/२५ गते बसेको ३९ औं बैठकले गरेको सिफारिस बमोजिम बहालवाला लेखापरीक्षक बि.आर.पराजुली एण्ड एसोशिएट्सलाई बाह्य लेखापरीक्षकमा नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण र निक्षेप तथा कर्जा सुरक्षण कोष लगायतका अन्य नियामक निकायले तोकिए बमोजिम कागजात प्रमाणित तथा कर परीक्षण बापत पारिश्रमिक दैनिक भत्ता, खाना तथा आवास र यातायात खर्च समेत गरी कर बाहेक रु.५,००,०००।- (अक्षरेपि पाँच लाख मात्र) प्रदान गर्ने गरी लेखापरीक्षण समितिको सिफारिस बमोजिम हुनेगरी नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

(ख) **विशेष प्रस्तावहरुमा भएका निर्णयहरु :**

१. **सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८०/८१ को मुनाफाबाट चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- को १४.२५ प्रतिशतले हुने रकम रु. ९,१४,३०,२८०/- बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्ध-पत्रको दफा ६(ख) र (ग) मा भएको उल्लेखित तीन-महले बमोजिम जारी तथा चुक्ता पूँजी संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।**

**प्रबन्ध-पत्रको संशोधित प्रावधानको तीन-महले**

| दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|---|
| ६(ख) | (ख) वित्तीय संस्थाको जारी पूँजी रु. ६४,१६,१६,०००/- (अक्षरेपि चौसट्ठी करोड सोह्र लाख सोह्र हजार मात्र) हुनेछ। सो पूँजीलाई रु. १०० का दरले ६४,१६,१६०/- ( चौसट्ठी लाख सोह्र हजार एक सय साठी) थान साधारण शेयरमा विभाजन गरिएको छ। | (ख) वित्तीय संस्थाको जारी पूँजी रु. ७३,३०,४६,२८०/- (अक्षरेपि त्रिहत्तर करोड तिस लाख छयालिस हजार दुई सय असी मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ७३,३०,४६२/८० ( त्रिहत्तर लाख तिस हजार चार सय बैसट्ठी दशमलव असी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाले १४.२५ प्रतिशत बोनस शेयर जारी गर्न प्रस्ताव गरेकोले । |
| ६(ग) | (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- (अक्षरेपि चौसट्ठी करोड सोह्र लाख सोह्र हजार) हुनेछ। | (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ७३,३०,४६,२८०/- (अक्षरेपि त्रिहत्तर करोड तिस लाख छयालिस हजार दुई सय असी मात्र) हुनेछ । | |

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

**२. सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीको नियम ३२(१) (ख) मा संशोधन गर्ने सम्बन्धमा ।**

यस वित्तीय संस्थाको नियमावलीको दफा ३२ (१) (ख) मा उल्लेख गरिएको सञ्चालकको पारिश्रमीक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थामा समय सापेक्ष वृद्धि गर्न आवश्यक भएकोले "सञ्चालक समितिको बैठकमा सहभागी भए बापत अध्यक्षले र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमशः रु.६,०००/- र रु.५,५००/- हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गर्न पेश गरिएको प्रस्ताव सम्बन्धमा निम्न उल्लेखित तीन-महले बमोजिम नियमावलीमा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**नियमावलीको संशोधित प्रावधानको तीन-महले**

| नियम | साबिकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|---|
| ३२ (१) (ख) | **सञ्चालकको पारिश्रमीक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :** सञ्चालक समितिको बैठकमा सहभागी भए बापत अध्यक्षले र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमशः रु. ६,०००/- र रु. ५,५००/- हुनेछ । | **सञ्चालकको पारिश्रमीक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :** सञ्चालक समितिको बैठकमा सहभागी भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमशः रु. ८,५००/- र रु. ७,५००/- हुनेछ । पत्रपत्रिका तथा सञ्चार खर्च अध्यक्ष र सञ्चालकलाई मासिक रुपमा क्रमशः रु. ६,५००/- र रु. ५,०००/- प्रदान गरिने छ । | समयसापेक्ष वृद्धि गर्न आवश्यक भएकोले प्रस्ताव गरिएको । |

**३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (Acquisition) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

यस वित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त "घ" वर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न/गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा खरिद गर्ने सम्बन्धी प्रचलित कानून तथा निर्देशनहरुको अधिनमा रहि समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर लगायत गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पूरा गरी अन्तिम स्वीकृत लिई कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit ) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (Acquisition) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त "घ" वर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न/गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा खरिद गर्ने क्रममा संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit ) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने समझदारी पत्र (Memorendum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**५. वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोही बमोजिम प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोही बमोजिम प्रबन्ध-पत्र तथा विनियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

**ग) विविध :**

प्रमुख अतिथिका रुपमा मन्तव्य व्यक्त गर्नुहुँदै संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूले संस्थाले शेयरधनीको लगानीको उचित प्रतिफल हरेक वर्ष दिनुपर्ने, वित्तीय संस्थाको खराब कर्जा असूलीमा विशेष ध्यान दिनुपर्ने, कर्मचारी वित्तीय संस्थाको सम्पत्ति भएको हुँदा कर्मचारीहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि तालिमहरु संचालन गर्नपर्ने, सभामा उठेका महत्वपूर्ण सुझावलाई कार्यान्वयन गर्नुपर्ने राय व्यक्त गर्नुका साथै वित्तीय संस्था आठौं वार्षिक साधारण सभा सम्म आईपुग्दा सम्पूर्ण शेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, नियामकीय निकायहरु, नेपाल राष्ट्र बैंक, व्यवस्थापन टिम लगायत कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्नुभयो ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस आठौं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय सहभागिताका जनाईदिनु भएकोमा विशेष धन्यवाद ज्ञापन गर्दै प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । वित्तीय संस्था संचालनमा महत्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण नियमनकारी निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक तथा व्यवस्थापन समूहलाई धन्यवाद व्यक्त गर्दै सम्पूर्णमा हार्दिक आभार सहित सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ............ | आशा<br>आशा लघुवित्त वित्तीय संस्था लि.<br>केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलान्चोक | ............ |
| बद्री प्रसाद दुलाल | | बिष्णु मणि गौतम |
| कम्पनी सचिव | | अध्यक्ष |
| संस्थाको छाप : | | मिति : २०८१ मंसिर ०७ गते शुक्रबार |